## मिति २०७८।०३।२४ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. १४।०७८

१. गण्डकी प्रदेशका ८५ वटै स्थानीय तहको स्थानीय विपद् व्यवस्थापन कोषमा विपदजन्य घटनाहरुको रोकथाम, उद्धार, राहत तथा पुनर्स्थापना लगायतको प्रयोजनका लागि मात्र खर्च गर्ने गरी रु. ५ (पाँच) लाखका दरले अर्थ मन्त्रालयले निकासा दिने।

२. आर्थिक वर्षको एक सात अगावै भुक्तानी निकासा बन्द गर्नुपर्ने कानूनी व्यवस्था भएकोमा अत्यावश्यक काम परी खर्च गर्नुपर्ने अवस्थाको हकमा पुष्टि भई आएमा असार मसान्तको एक दिन अगाडीसम्म भुक्तानी निकासा दिने।

३. विपद् उद्धार उपकरण खरिदको म्याद थप गर्ने।

४. गण्डकी प्रदेशको वर्तमान आर्थिक स्थिति सम्बन्धमा जारी श्वेतपत्र, २०७८ स्वीकृत गरी सार्वजनिकीकरण गर्ने।